


**बेलिब्रिज जडानमा सेनाः** सिन्धुलीको खुर्कोट र रामेछापको मन्थली जोड्ने पक्की पुलको आधा भाग सुनकोशी नदीमा आएको बाढीले बगाएपश्चात् पुनर्निर्माणमा खटिएका नेपाली सेनाको टोलीद्वारा जडान गरिएको बेलिब्रिज । यो कार्य सम्पन्नसँगै मंगलबारबाट यातायात सुचारु भएको छ ।
सौजन्य तस्बिरः नेपाली सेना

# धोविनी गाउँपालिकाको शिक्षा क्षेत्र अस्तव्यस्त

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको धोविनी गाउँपालिकामा शैक्षिक अवस्थादेखि विकास निर्माणका काम अस्तव्यस्त बनेको छ । गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा शाखा संयोजकको बेवास्ताका कारणले धोविनी गाउँपालिकाको शैक्षिक अवस्था खस्किँदै गएको हो । गाउँपालिका अन्तर्गतको विद्यालयमा कार्यरत शिक्षक, लेखापाल र कार्यालय सहयोगीहरुको समेत तलब भुक्तानी नदिँदा विद्यालयको पठनपाठनहरु प्रभावित भएको छ । गाउँपालिकाले संघीय सरकारले अनुदानमा पठाउने शिक्षकको तलव समेत नदिएपछि शिक्षक र विद्यार्थीहरु आन्दोलित भएका छन् । धोविनी गाउँपालिकाको अजिज मियाँ माध्यामिक विद्यालयका पाँच जना शिक्षकको अनुदानमा आउने तलब गाउँपालिकाले अहिलेसम्म भुक्तानी नगर्दा पठनपाठन प्रभावित भएको भन्दै शिक्षक विद्याथीहरुले गाउँपालिकामा प्रदर्शन गरेका छन् । नेपाल शिक्षक महासंघ धोविनी गाउँपालिकाका अध्यक्ष मोहम्मद आरिफ अन्सारीका अनुसार गाउँपालिकामा चार महिनादेखि शिक्षक, कर्मचारीहरुले तलब पाएका छैनन् । गाउँपालिकाले दिनुपर्ने विद्यालयका बालविकास, लेखापाल र कार्यालय सहयोगीहरुको तलब अहिलेसम्म नदिएको महासंघका अध्यक्ष अन्सारीले बताए । धोविनी गाउँपालिका अध्यक्ष मदन चौहान भने विद्यालयका शिक्षकहरुले तलब नपाएको विषयमा अनभिज्ञता प्रकट गरे ।

# महिलाको ठगी गिरोह नै सक्रिय



**मधेशदृष्टि**
**रौतहट ।**
महिला ठग गिरोहसँग सचेत रहन प्रहरीले आग्रह गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले सार्वजनिक सूचना जारी गर्दै कुनै प्रलोभनमा नपरी ठगी गर्ने महिला गिरोहसँग सचेत रहन आग्रह गरेको हो । विभिन्न गाउँमा केही ठग महिला सक्रिय रहेको पाइएको छ ।
भारतीय ४–५ महिलाको गिरोहले गौर, मिठुअवा, खेसरहिया, महादेवपट्टिलगायतका स्थानमा गई महिला, आमा, दिदी बहिनीलाई विभिन्न प्रलोभन देखाएर चाँदीको पायल दिदा एक दिनपछि पायल र थपमा राइस कुकर दिने, चाँदीको बिच्छिया दिँदा एक दिनपछि बिच्छियासहित पित्तलको कमण्डलु दिने, सुनको मंगलसूत्र, टीकासहित अन्य गहना दिँदा एक दिनपछि गरगहनासहित नगद ५० हजार रुपैयाँसँगै एउटा फ्रिज दिने भन्दै ठगी गरेको पाइएको छ ।
गिरोहले सिधा तथा अशिक्षित महिलालाई झुक्याएर महंगा सुनचाँदीको गहना ठगेर सम्पर्कविहीन हुने निश्चित रहेकाले त्यस्ता कुनै प्रलोभनबाट जोगिन प्रहरीले जिल्लाबासीमा अनुरोध गरेको हो ।
त्यस्तो प्रलोभन दिने ठग महिलापुरुषको गिरोह गाउँघरमा देखा परे जिल्ला प्रहरी कार्यालय रौतहटको कन्ट्रोल नम्बर १०० वा ९८५५० ४०९९९ मा फोन गरी जानकारी दिन प्रहरीले सूचनामार्फत आग्रह गरेको छ ।

# कात्तिक २५ गतेदेखि फ्लाइ दुबईको उडान हुने

**काठमाडौ ।**
दुबईको राष्ट्रिय ध्वजावाहक फ्लाई दुबईले कात्तिक २५ गतेदेखि मुलुकको दोस्रो भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक उडान गर्ने भएको छ ।
फ्लाई दुबईले दुबई–भैरहवा–काठमाडौ उडानका लागि मंगलबारदेखि बुकिङ खुलाएको छ । कम्पनीको नेपालस्थित आधिकारिक एजेन्ट (जिएसए) युनिभर्सल टुर्स एण्ड ट्राभल्स हो ।
गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार फ्लाई दुबईको विमान दिउँसो १:४५ मा भैरहवा र २:४५ मा काठमाडौ आउनेछ । काठमाडौमा एक घण्टा ‘टेक्निकल ल्यानड’ गरेर दुबई उड्नेछ । फ्लाई दुबईले भैरहवा विमानस्थलमा यात्रु ओरालेर त्यहाँबाट विदेश जाने यात्रुलाई लिएर काठमाडौमा एक घण्टा रोकेर दुबई उड्ने गरी प्राधिकरणबाट अनुमति पाएको छ । टिकट र थप जानकारीलाई फ्लाई दुबईको वेबसाइटमा सम्पर्क गर्नसकिने जनाइएको छ ।
विमानस्थलमा कम्पनीको पहिलो उडान हो । हप्ताको सातै दिन दुबई–भैरहवा र भैरहवा–काठमाडौँ–दुबई उडान गर्न लागेको हो । यससँगै फलाई दुबईको उडान गन्तव्य संख्या एक सय १३ पुगेको छ भने ५३ देशमा यसको सेवा विस्तार भएको छ । यसैबीच प्m लाइ दुबईको उडान सञ्चालन टीमले पनि हालै विमानस्थलको भ्रमण गरेको महाप्रबन्धक तिवारीले बताए ।
यो उपलब्धीमा प्रधानमन्त्रीको विशेष निर्देशन, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको सहयोग, मुख्यसचिवको पहल तथा नेपाल नागरिक उड्डयन प्राधिकरण नेतृत्व र फ्लाई दुबईको नेपाल प्रतिनिधि युनिभर्सल टुर्स एण्ड ट्राभल प्रालिको समन्वयमा सम्भव भएको उनले बताए ।
जजिरा एयरले पनि कात्तिक १२ गतेदेखि पुनःउडान सञ्चालन गर्दैछ ।
यसअघि १० महिना उडान गरेर उडान स्थगित गरेको एयरलाइन्सले पुनःसोही विमानस्थलमा उडान शुरु गर्न लागेको जनाइएको छ । जजिराले सातामा तीन दिन मङ्गलबार, बिहीबार र शनिबार उडान भर्नेछ । जजिराको विमान बिहान ७ बजेर ३० मिनेटमा भैरहवा आएर ८ बजेर ३० मिनेटमा कुवेत उड्ने गरी अनुमति पाएको विमानस्थलले जनाएको छ । दुई वर्षअघि २०७९ जेठ २ गते गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन भएसँगै जजिराले भैरहवामा उडान थालेको थियो । प्राविधिक कारण देखाउँदै १० महिनापछि उडान स्थगित गरिएको थियो ।
त्यसैगरी थाई एयर एसियाले पनि छिट्टै गौतमबुद्ध विमानस्थलमा उडान गर्ने योजना बनाएको छ । एयरलाइन्सको प्राविधिक टोलीले गौतमबुद्ध विमानस्थलको भ्रमण गरेको थियो । दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्णक्षमतामा सञ्चालन गर्ने सरकारको कार्ययोजनाअनुरुप गौतमबुद्ध विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न लागिएको महाप्रबन्धक तिवारीले बताए ।
‘सरकारको कार्ययोजनाअनुरुप विशेष पहलकदमीमा अन्तर्राष्ट्रिय उडान सञ्चालनको वातावरण बनाउन लागिएको छ,’ उनले भने, ‘अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आवश्यक पर्ने अध्यागमन, भन्सार, सुरक्षालगायतका व्यवस्थापकीय काम दुरुस्त अवस्थामा रहेको छ ।’ सरकारले राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णक्षमतामा सञ्चालनका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाएको छ । सोही योजनाअनुरुप अन्तर्राष्ट्रिय एयरलाइन्सले धमाधम उडान गर्न लागेका हुन् । रासस

# लोकतान्त्रिक खेलकुद संघ बाराको अध्यक्षमा पाण्डे



**मधेशदृष्टि**
**कलैया ।**
बारामा नेपाल लोकतान्त्रिक खेलकुद संघ गठन गरिएको छ ।
नेपाली कांग्रेसका बारा जिल्ला उपसभापति मनोज भट्टको प्रमुख आतिथ्यतामा बसेको बैठकले ११ सदस्यीय तदर्थ समिती गठन गरेको छ । कांग्रेसका युवा नेता तथा जीतपुरसिमरा–१५ का वडा सभापती ओमराज पाण्डेको नेतृत्वमा ११ जनाको कार्यसमिती चयन गरिएको छ ।
कमिटीमा चार वटा निर्वाचन क्षेत्रबाटै प्रतिनिधित्व हुनेगरी सदस्य छनौट गरिएको हो । उपाध्यक्ष्यमा जटाशंकर सहनी, दिपेन्द्र सहनी, सचिवमा बविन सुब्बा, सहसचिवमा सुकमान लामा, कोषाध्यक्षमा रीता कंडेल, सदस्यहरुमा गोविन्द प्रसाद ओझा, रमेशचन्द्र घिमिरे, कर्ण थापामगर र योगेन्द्र कुशुवाहा चयन भएका छन् ।

# ‘उपेन्द्रलाई छुट, रविलाई हत्कडी...

निर्दोष नागरिक घाइते भएका थिए । घटनामा बन्दुक, बाँसको भाटा, ढुंगाले टाउको र मुखमा हिर्काएर मारेका थिए । त्यस्तै महिलालाई बाँसको भाटाले सम्वेदनशील अंगमा घोचेर, बलात्कार गरी, स्तन काटेर छट्पटिरहेको अवस्थामा जिउँदै आगो लगाएर हत्या गरिएको थियो ।
घटना प्रचलित नेपाल कानूनबमोजिम अपराध मात्रै नभई नेपाल पक्ष रहेको टर्चर कन्भेन्सनलगायतका अन्य अन्तर्राष्ट्रिय महासन्धीसमेतले यस्ता प्रकारको जघन्य अपराधलाई अन्तर्राष्ट्रिय अपराधका रुपमा स्वीकार गरेको छ । गौर हत्याकाण्ड भएको भोलिपल्ट नै तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, सञ्चारमन्त्री कृष्णबहादुर महरा र संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन)का प्रतिनिधि घटनास्थल पुगेका थिए ।
घटनाको वास्वविक तथ्य पत्ता लगाउन सरकारले तत्कालीन पुनरानेदन अदालतका न्यायाधीश हरिप्रसाद शर्माको संयोजकत्वमा गठन गरेको छानबिन आयोगले बुझाएको प्रतिवेदन र राष्ट्रिय मानव अधिकार आयोगसमेतको प्रतिवेदनले समेत घटनालाई राजनीतिक झडप नभई जघन्य एवम् अमानवीय अपराध भनेर निष्कर्ष निकालेको थियो ।
प्रधानमन्त्रीसँग आक्रोश
आजपा अध्यक्ष प्रभु साहले प्रधानमन्त्री ओलीसँग आक्रोश व्यक्त गरे । बाढीपहिरो, डुबानले तराई मधेश तहसनहस भएको अवस्थामा सरकारले बाढीपहिरो संकटग्रस्त क्षेत्र घोषणा गर्दा मधेससँग विभेद गरिएको आरोप साहको छ । रौतहटसहितका जिल्लामा बाढी, डुबानले अर्बौंको क्षति भएको बताउँदै उनले पीडितलाई न्याय दिन सरकारले चासो नदिएको बताए । ‘तपाईंहरुले के आधारमा संकटग्रस्त क्षेत्र घोषणा गर्नुभयो ? त्यसका के–के आधार छन्, दिन सक्नुहुन्छ ? बाढीपहिरो, डुबानले हामी जति पीडित छैनौँ, त्यो भन्दा बढी यो सरकारको विभेदपूर्ण नीतिले पीडित बनेका छौँ,’ आजपा अध्यक्ष साहले भने, ‘सरकारको नजरमा सबै नागरिक समान हुनुपर्ने हो, तर यो सरकारले मधेशका जनतासँग विभेद गर्दै आइरहेको छ ।’ साहले मधेशका बाढी, डुबान पीडितलाई तत्काल राहत दिनुपर्ने, बाढी, डुबान रोक्न बागमती, बकैया, कोशीलगायतका नदीमा तटबन्ध लगाउनुपर्ने सुझाव सरकारलाई दिए ।

# लोकतान्त्रिक खेलकुद संघ बारामा पाण्डे

**मधेशदृष्टि**
**कलैया ।**
नेपाल लोकतान्त्रिक खेलकुद संघ बारा गठन भएको छ । नेपाली कांग्रेसका बारा जिल्ला उपसभापति मनोज भट्टको प्रमुख आतिथ्यतामा बसेको बैठकले ११ सदस्यीय तदर्थ समिति गठन गरेको हो । कांग्रेसका युवा नेता तथा जीतपुरसिमरा–१५ का वडा सभापति ओमराज पाण्डेको नेतृत्वमा ११ जनाको कार्यसमिति चयन गरिएको छ । कमिटीमा चार निर्वाचन क्षेत्रबाटै प्रतिनिधित्व हुनेगरी सदस्य छनौट गरिएको छ ।
उपाध्यक्षमा जटाशंकर सहनी, दीपेन्द्र सहनी, सचिव बबिन सुब्बा, सहसचिव सुकमान लामा, कोषाध्यक्षमा रीता कँडेल, सदस्यमा गोविन्द प्रसाद ओझा, रमेशचन्द्र घिमिरे, कर्ण थापामगर र योगेन्द्र कुशुवाहा चयन भएका छन् ।







## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**मधेश प्रदेशको सिरहा जिल्ला अन्तर्गत धनगढीमाई नगरपालिका स्थित सर्रे खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८१।७।७ गते

मधेश प्रदेश अर्न्तगत सिरहा जिल्लाको धनगढीमाई नगरपालिकाको वडा नं. १२ र १३ स्थित सर्रे खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिइएको छ।

| | |
|---|---|
| प्रस्तावककको नाम र ठेगाना | धनगढीमाई नगरपालिका वडा नं. १२ र १३ सिरहा, मधेश प्रदेश, नेपाल |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेशको सिरहा जिल्ला अन्तर्गत धनगढीमाई नगरपालिका स्थित सर्रे खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्य। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा./गा.पा. | मधेश प्रदेशको सिरहा जिल्लाको धनगढीमाई नगरपालिका वडा नं. १२ र १३ का वरिपरिका क्षेत्रहरु |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक-भौतिक प्रणाली, जैविक प्रणाली, आर्थिक-सामाजिक-साँस्कृतिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सारोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानमा आईपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

साथै यस प्रस्ताव माथि छलफल तथा निर्णय गर्न मिति २०८१/०७/१४ गते दिउँसो ४ बजे बडा न १२ को कार्यालयमा सार्वजनिक सुनुबाही कार्यक्रम संचालन हुने भएकोले सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई उपस्थितिको लागि सुचित गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

**प्रस्तावक**
धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा मधेश प्रदेश, नेपाल
☎ ०३३-५४५२७१
ईमेल- mundhangadhi@gmail.com

**स्वीकृत गर्ने निकाय**
बाताबरण महाशाखा
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम, नेपाल
ईमेल- moitfep2@gmail.com

**परामर्शदाता**
चित्राँस मल्टि सपोर्ट कन्सल्टेन्सी प्रा. लि.
ललितपुर म.न.पा.-३, पुलचौक,
ललितपुर, नेपाल
☎+९७७ ९८४९०८७२०२
ईमेल- chitranshmulticonsult@gmail.com